# आ.ब. ०८०।०८१ को बार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम

९ असोज २०८१

वडा नं ४ जुम्ला

*प्रस्तुतकर्ता*

अमर ब. रोकाया

वडा अध्यक्ष


*आयोजक*


तातोपानी गाउँपालिका वडा नं ४ जुम्ला

## प्रस्तुतिका विषयवस्तुहरु:

- **वडाको सामान्य** परिचय
- आ.ब. ०८०।०८१ सम्म गरिएका कार्यहरू
- अवसर र चुनौती
- आ.ब. ०८१।०८२ का प्रस्तावित योजनाहरू
- मिडियामा

# गाउँपालिका र ४ नं वडाको भौगोलिक नक्सा





४ नं वडाको भौगोलिक नक्सा

## ४ नं वडाको सामान्य परिचय

❖भौगोलिक र जनसंख्याका हिसाबले ठुलो वडा

❖धार्मीक एंव पर्यटकिय सम्भावना बोकेको एक उत्कृष्ट क्षेत्र

❖जनसंख्या २९२४

❖घरधुरी संख्याः ५६४

❖क्षेत्रफलः १२५ वर्ग किमि

❖विष्टज्यु, ठाकुरज्यु, मष्टो देवता, गणेश गुफा, शिव भण्डार वन

❖विद्यालय संख्याः ५ (१ मावि ४ आवि),
स्वास्थ्य चौकी - १

❖६ वटा सुन्दर वस्तीले सुसज्जित वडा (हाँकु, पाण्डेवाडा, गिडीखोला, नियापानी, गौतमवाडा, जयतपुर )

❖फलफुल खेतिको उच्च सम्भावना, प्रशस्त खेतियोग्य जमिनको उपलब्धता र बाक्लो वन क्षेत्र

# अँ ब. ०८०।०८१ मा स्वीकृत योजनाहरू

| क्र. स. | योजना, कार्यक्रमहरू | इकाइ | स्थान | स्वीकृत बजेट रू | खर्च बजेट रू |
|---|---|---|---|---|---|
| १ | अधारभुत बिद्यालयहरू र माबिलाइ प्रबिधि व्यवस्थापन | ५ ठाँउ | ४ वटा अधारभुत बिद्यालय<br>१ मा.बि | १,८०,०००। | १,८०,०००। |
| २ | गिडिदह प्रबद्धन कार्यक्रम | १ पटक | गिडिदह क्षेत्र | २,५०,०००। | २,४८,४२४। |
| ३ | जनप्रतिनिधि, कर्मचारीहरूको क्षमता विकास | १ पटक | वडा कार्यालय | ४०,०००। | ४,००००। |
| ४ | तेलहन बाली पकेट बिस्तार कार्यक्रम | २५ जना | जैतपूर | २,०००००। | २,०००००। |
| ५ | बाल विकास केन्द्रहरू व्यवस्थापन (हाँकु र जैतपूर) | २ वटा | हाँकु र जैतपूर | ५०,०००। | ५,००००। |
| ६ | मसलन्द तथा कायार्लय सामाग्री | १ पटक | वडा कार्यालय | ५,०००००। | ४,९८,२०६। |

क्रमश......................

| क्र. स. | योजना, कार्यक्रमहरू | इकाइ | स्थान | स्वीकृत बजेट रू | खर्च बजेट रू |
|---|---|---|---|---|---|
| ७ | महिला स्वयंसेवीका लाई प्रोत्सान कार्यक्रम | ११ जना | वडा नं ४ | ५०,०००। | ४९,९६८। |
| ८ | लक्षित वर्ग सहयोग कार्यक्रम | १ पटक | वडा नं ४ | ४,०००००। | ३,९४,३४५। |
| ९ | लोपउन्मुख रेडपान्डा संरक्षण कार्यक्रम | १ पटक | भलखोला बन क्षेत्र | ५०,०००। | ४९,४९८। |
| १० | विविध खर्च | बार्षिक | वडा नं ४ | ५,०००००। | ४,८४,१६५। |
| ११ | संचार महशुल | बार्षिक | वडा नं ४ | ५०,०००। | ५०,०००। |
| १२ | गोतमवाडा देखी जिउला जाने बाटो | १ वटा | गोतमवाडा | १२,०००००। | ११,८२,०००। |
| १३ | नरम्टा सेराडिल सिचाइ कुलो मर्मत (क्रमागत) | १ पटक | गिडिखोला | ४,०००००। | ३,८०,३४९। |
| १४ | नियापानी महादेव मन्दिर निर्माण | १ पटक | नियापानी | १,५०,०००। | १,४५,७८६। |

क्रमश......................

| क्र. स. | योजना, कार्यक्रमहरू | इकाइ | स्थान | स्वीकृत बजेट रू | खर्च बजेट रू |
|---|---|---|---|---|---|
| १५ | हाँकु स्वास्थ्य चोकी कार्यालय व्यवस्थापन | १ पटक | हाँकु स्वास्थ्य चैकी | ८०,०००। | ८०,०००। |
| १६ | हाँकु त्रिभेणी घाट निर्माण | १ ठाँउ | त्रिभेणी धाम | १,५०,०००। | १,४४,८१६। |
| १७ | हाँकु त्रिभेणी देखी नियापानी सडक स्तरउन्नती | क्रमागत | हाकु त्रिभेणी, र नानदियार | १६,०००००। | ७,९२,९८५। |
| १८ | हाँकु बालविकास केन्द्र भवन निर्माण | १ पटक | हाँकु दलितवाडा | १,५०,०००। | १,३७,२०९। |
| १९ | गिडिदह धर्मशाला देखी पाटन सम्म पदमार्ग निर्माण | १ पटक | गिडिदह पाटन | ७,२५,०००। | ५,९५,०६७। |
| २० | घट्रेगाढ गिडिखोला बाटो पिसिसि | क्रमागत | घट्टेगाढ | ५,०००००। | ४,९८,५००। |

क्रमश.......................

| क्र.स. | योजना, कार्यक्रमहरू | इकाइ | स्थान | स्वीकृत बजेट रू | खर्च बजेट रू |
|---|---|---|---|---|---|
| २१ | गिडदह क्षेत्रफल नापजाँच | क्रमागत | हाँकु | १४,०००००। | ९,९३,२९१ ।<br>पहिलो किस्ता |
| २२ | पान्डेवाडा नियापानी सडक स्तरउन्नती (अल्या) (कोटेशन) | क्रमागत | | ८,०००००। | ४,२३,३६४। |
| २३ | घर बिमा कार्यक्रम | घर | ५६५ | २,०००००। | १,७२,०००। |
| २४ | स्वास्थ्य विमा कार्यक्रम | परिवार | ५७ | २,०००००। | २,०००००। |
| २५ | वडा प्रशासनिक खर्च | बार्षिक | १ | ५,०००००। | ४,८००००। |
| | **पालिका समानिकरण शिर्षक जम्मा रू** | | | **९,८१,१५,०००** | **७९,७९,९७३।** |

# क्रमश............( प्रदेश र संघिय अनुदान)

| क्र. स. | योजना, कार्यक्रमहरू | इकाइ | स्थान | स्वीकृत बजेट रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | बालुवा घट्रेगाढ गिडिखोला बाटो पिसिसि ( प्रधानमन्त्री रोजगार) | १ पटक | घट्रेगाढ खोला | ८, ००००० | ७,९९,८५८ |
| २ | नियापानी गाँउ बाटो ग्राभेल ( प्रधानमन्त्री रोजगार) | १ पटक | नियापानी | २,५३,००० | २,४९,११७ |
| ३ | जैतपूर खेल मैदान निर्माण ( मुख्यमन्त्री रोजगार) | १ पटक | जैतपूर | १५,००००० | १४,९९,४५७ |
| ४ | चुम्लासाघुँ ट्रस पुल (सघिय अनुदान) | अन्तिम | चुम्लासाघु | १२,०००० | १०,२०,२१५ |
| ५ | गोतमवाडा नाइकाटापु, कुना फोक्टो तटबन्ध (प्रदेश अनुदान) | १ पटक | गोतमवाडा | १५,००००० | १४,२५,०२३ |
| ६ | लाग्ना टेलीफोन टावरमा बिधुत लाइन बिस्तार ( नेपाल टेलिकम) | १ पटक | | ९, ५३,००० | ९, ५३,००० |
| | **संघिय र प्रदेश सर्शत बिषेश अनुदान** | | | ६२,०६००० | ५,९४६,६७० |
| | कुल जम्मा | | | १,०४३,२१,००० | १,३९,२६६४३ |

# उपभोत्ता समिति गठन र परिचालन

| पुँजीगत जम्मा योजना संख्या | उपभोत्ता समितिबाट निर्माण योजना संख्या | निर्माण व्यवसायी बाटका योजना संख्या | अमानत योजना संख्या | गठन भएका उपभोत्ता समितिहरू | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला अध्यक्षा | दलित अध्यक्ष | | |
| १७ वटा | १३ वटा | ३ वटा | १ वटा | २ वटा | ५ वटा | २७३० जना | |

# योजना सम्पन्न विवरण

## १. अधारभुत बिद्यालयहरू र माध्यामिक बिद्दालय लाइ प्रबिधि व्यवस्थापन,

**आ.ब.०८०।०८१** को वडा समानिकरण बजेट शिर्षकबाट बिनियोजित रकम रू १ लाख ८० हजारको परिधि भित्र रहेर अमानतमा वडा सचिव श्री टिकाराज न्यौपानेबाट निम्न शैक्षिक सामग्रीहरू, प्रबिधिहरू खरिद व्यवस्था मिलाई गाँउपालिमा जिन्सी सामाग्री दाखिला भै यस वडा भित्रका निम्न बिद्यालयहरूलाई उक्त प्रविधिहरू हस्तान्तरण गरिएको हो ।

| क्र.स. | प्रबिधिको किसिम | ईकाइ | परिमाण | बिद्यालयको नाम |
|---|---|---|---|---|
| १ | फोटोकपी प्रिन्टर (कलर) | थान | १ | त्रिभेणी बालज्योती आ.बि. |
| २ | राष्ट्रिय झण्डा (ठुलो) | वटा | १० | ५ वटा बिद्यालयलाई २!२ वटा |
| ३ | झण्डा स्ट्यान (६ मि. वाला फलामे) | वटा | १० | ▪ नेत्रज्योति मा.बि. ५ वटा<br>▪ मालिका आ.बि. ५ वटा |
| ४ | ड्रम बाजा | वटा | ४ | ▪ नेत्रज्योती मा.बि., गणेश आ.बि. र मष्टा आ.बि. |
| ५ | ह्वाईट बोर्ड | वटा | ४ | ▪ गणेश आ.बि. २ वटा<br>▪ मष्टा आ.बि. २ वटा |
| ६ | भित्ते घडी | वटा | ५ | ५ वटा बिद्यालयलाई १!१ वटा |
| ७ | टेवल फोन सेट | वटा | ५ | ५ वटा बिद्यालयलाई १!१ वटा |

## २. गिडिदह प्रबद्धन कार्यक्रम

प्रचार प्रसार मार्फत गिडिदहको प्रवर्द्धन गरी आन्तरिक एंव बाह्य पर्यटकहरुलाई गिडीदह बारेको सूचना सहज रुपमा प्राप्त गरुन भन्ने उद्देश्यले **आ.ब.०८०।०८१** को बजेट रू २ लाख ५० हजार बाट निम्न कार्रयहरू भएका हुन् ।

- विभिन्न १८ स्थानहरु (एरेनी, हाँकु, गिडिखोला, भलखोला, फुलचैल्या, कालिका मन्दिर, लामाचोर, सानी काध, डन्डमा काध, दुधवाडी, नेटा, डिगिदह लल्लो भागमा, निकाशा क्षेत्रमा र गिडिदह धर्मशालामा सूचना पार्टी (Information Board) को स्थापना भएका छन् ।
- ५०० थान गिडीदह अंकित मायाको चिनो निर्माण गरिएको छ ।



















*CONTINUED*......

## ३. जनप्रतिनिधि, कर्मचारीहरूको क्षमता विकास → बजेट रु: ४० हजार

आ.ब.०८०।०८१ को वडा समानिकरण बजेट विनियोजित रू ४० हजार ले यस तातोपानी गाँउपालिका वडा नं ४ का केही जनप्रतिनिधहरूको सिप विकास, क्षमता विकास गर्ने उदेश्यले अनुरूप निम्न कर्मचारी र जनप्रतिनिधहरूको जिप भ्यान, कार चलाउने ड्राइभिड. सिप विकास तालिममा सहभागि गराइ सिप सिकाउने कार्य हुनुके साथै कर्मचारी र जनप्रतिनिधहरूको कार्य सम्पादनका लागि उत्प्रेरित गरिएको हो । उक्त तालीम जुम्ला खलंगा स्थित न्योपाने मोटर ड्राइभिड. ट्रेनिड. सेन्टरमा सिकेका थिए ।

| क्र.स. | सहभागीको नाम | पद | क्षमता विकास क्षेत्र | लागत रू |
|---|---|---|---|---|
| १ | श्री टिकाराज न्यौपाने | वडा सचिव | मोटर ड्राइभिङ तालीम | २० हजार |
| २ | श्री बिष्णु ब. हमाल | वडा सदस्य | मोटर ड्राइभिङ तालीम | २० हजार |

## ४. तेलहन बाली पकेट बिस्तार कार्यक्रम

- तेलन बालीको प्रर्बद्वन र विकासका लागि यस वडा नं ४ को जैतपूर गाँउका ३२ दलित घरधुरीहरूलाइ लक्षित गरी अर्थिक बर्ष ०८०।०८१ को वडा समानिकरण बाट बिनियन  बजेट रू २ लाख भित्र रहेर तेरी उत्पादन गर्ने उदेश्यले निम्न प्रबिधिहरू हस्तान्तरण गरिएको हो ।

| क्र .स. | प्रबिधिको किसिम | ईकाइ | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|
| १ | तोरीको मुल विउ | १.५ किलो प्रतिघरधुरी | ३२ | |
| २ | गाडेन पाइप ( ३० मीटर) | १ रोल | ३२ | |
| ३ | त्रिपाल १२/१६ | १ वटा | ३२ | |
| ४ | स्प्रिड.कल | २ सेट | ३२ | |
| ५ | जैबिक मल | २० केजी | ३२ | |





# ५. बाल विकास केन्द्रहरू व्यवस्थापन (हाँकु र जैतपूर)

शिक्षण सिकाइ को प्रारम्भिक चरणमा ३ देखी ५ बर्ष उमेर समुहका वालवालिकलाई प्रदान गरिने बाल शिक्षाको चरण बाल विकास केन्द्र भएकाले यस वडा नं ४ भित्रका ९ वटा वाल विकास केन्दहरू मध्ये समुदाय स्तरमा संचाल भै रहेका २ वटा वाल विकास केन्द्र हरूका लागि बजेट रू ५० हजार को परिधि भित्र रहेर निम्न शैक्षिक सामाग्री, फर्निचर, सामानहरू उपलव्ध गराइएको हो।

सामाग्रीहरू

१. जैतपुर वाल विकास केन्द्र - दराज, कुची, खेलैनाहरू।
२. हाकु दलितवाडा बाल विकास केन्द्र - कार्पेट र दराज।

## ६. मसलन्द तथा कार्यालय सामाग्री

आथिक बर्ष ०८०।०८१ मा १ बर्ष भरी यस वडा नं ४ को वडा कार्यालयबाट प्रवाह हुने सेवा तथा वडा कार्यालयको दैनिक कार्य संचालनको लागि तातोपानीबाट वडा मसलन्द तथा कार्यालय सामाग्रीहरू शिर्षकमा बिनियोजन भएको बजेट रू ५ लाख मध्ये ४ लाख ६५ हजार वडा सचिवको अमानतबाट खर्च हुने गरि निम्न किसिमका कार्यालय सामाग्रीहरूको व्यवस्थापनमा खर्च भएको हो ।

| क .स. | खर्च शिर्षक | खर्च बजेट रू | कैफियत |
| --- | --- | --- | --- |
| १ | स्टेशनरी (फोटोकपी पेपर, स्टापलर, पिन, स्टामप्याड, डटपेन, रजिस्टर, रेकर्ड फाइलहरू) | १,१६,५००। | |
| २ | इन्टर नेट शुल्क | ९६,०००। | |
| ३ | इन्धन (४२५ ली) | ८५,०००। | |
| ४ | छपाइ | ९९,५००। | |
| ५ | मोटर साइकल, प्रिन्टर, ल्यापटप मर्मत | ८३,०००। | |
| | जम्मा | ४,८०,०००। | |

## ७ महिला स्वयंसेवीका लाई प्रोत्सान कार्यक्रम

आ.ब.०८०।०८१ **को** स्वीकृत बार्षिक बजेटमा उल्लेख भएको महिला स्वयं सेविकासहरुलाई प्रोत्साहन भत्ता शिर्षकमा उल्लेखित रु ५० हजारबाट यस वडा भित्र कामकाज गर्ने १२ जना महिला स्वास्थ्य स्वयं सेवीकाहरु मध्ये ११ जनालाई निम्न फोटोमा उल्लेखित पोसाकहरु उपलव्ध गराइएको छ ।






# ८. लक्षित वर्ग सहयोग कार्यक्रम

**आ.ब.०८०।०८१ को पालिका समानिकरण शिषक बजेट रू ५ लाख मध्ये रू, ३ लाख ९५ हजार ३ सय ४५ रूपैया खर्च परिधी भित्र रहेर वडा भित्र रहेका ५ वटा बस्तीका ५६४ धरदैलेमा पुगि १ हजार १ सय नागरिकहरूको रक्त समुह पहिचान शिविर संचालन गरि परिक्षणबाट प्राप्त तथ्यांकको अनुसार ११०० जनाको रक्त समुह विवरण खुलेको कार्ड र प्रत्येक घरघरमा १।१ वटा रक्त समुह विवरण उल्लेखित हाते पुस्तिका तयार गरि वितरणा गरियो।**










रक्त समुह पहिचान गराउनुको प्रमुख कारण

- नागरिकहरू सबैको रगत परिक्षण हुने
- बिरामी परि रगतको खोजी गर्नुपर्दा नेपाली सेना, प्रहरी, रक्तदाताको खोजीका लागि दुख झेल्नु नपर्ने।
- चाहिएको अबस्थामा सहजै रगत समुह मिल्ने अफन्तहरू रगत लिन सकिने

## ९. लोपउन्मुख रेडपान्डा संरक्षण कार्यक्रम

- नेपालमा मात्र पाईने बिश्वलोप उन्मुख रेडपाण्डा को संरक्षणका लागि जनचेतामूलक कार्रयक्रम संचालन गर्ने उदेश्यले आ.ब.०८०।०८१ मा विनियोजन गरिएको बजेट रू ५ लाख मध्ये खर्च रू ३९४९८। को परिधी भित्र रहेर रेडपाण्डाको चित्र अंकित ३ वटा प्रिन्टेट होडिङ बोर्डहरू बनाई रेडपाण्डाको बास स्थान फुलचउल्या, भलखोला र सिदिविनायक सामुदायीक वन को सिमाना भित्र बोर्ड राख्ने कार्य गरिएको हो ।





## १०.विविध खर्च

आथिक बर्ष ०८०।०८१ श्रावण १ देखी २०८१ असार मसान्त सम्म १ बर्ष भरी यस वडा नं ४ मा संचालन गरिने सेवा प्रवाह, बिपद, दैनिक भ्रमण खर्च, उपचार तथा राहत, चियापान अतिथि सत्कार र भैपरि खर्चका लागि वडा विविध शिर्षकमा बिनियोजन भएको बजेट रू ५ लाख मध्ये वडा समितिको बैठक निर्णयबाट बिभन्न शिर्षकमा ४ लाख ९८ हजार २ सय ६ रूपैया खर्च भएको हो ।

| क .स. | खर्च शिर्षक | खर्च बजेट रू | कैफियत |
|---|---|---|---|
| १ | अथिति सत्कार, चिया, नास्ता, खाना, वास | ७७,३००। | |
| २ | उपचार खर्च सहयोग | ९०,०००। | |
| ३ | जन प्रतिनिध, कर्मचारी दैनिक भ्रमण खर्च | १,३६,००६। | |
| ४ | प्रहरी चोकी हाँकु ऐरेनीको इन्टरनेट जडान | ३१,२००। | |
| ५ | बिपद सहयोग | ३५,७००। | |
| ६ | इन्धन | ४८,०००। | |
| ५ | भैपरी, छपाइ, खेलकुद र सहयोग | ८०,०००। | |
| | जम्मा | ४,९८,२०६। | |

## ११. संचार महशुल

आ.ब.०८०।०८१ मा यस वडा नं ४ ले संचालन गरेका गतिविधिहरुको तथ्यांक प्रकाशसन, सुचना, बिज्ञापन, नया बर्ष र बिजयदशमीको शुभकामना आदी छपाई गरे बापत निम्न मिडियाहरुलाई जम्मा रकम रु ५० हजार भुक्तानी गरिएको हो ।

| क्र.स. | मिडियाको नाम | पत्रकारकको नाम | रकम रु | सर्म्फक फोन नम्वर |
|---|---|---|---|---|
| १ | कर्णाली पोष्ट दैनिक | श्री मानदत्त रावल | ७०००। | ९८४८३००९२३ |
| २ | कर्णाली मिसन दैनिक | श्री सागर परियार | ७०००। | ९८४८३५७३५९ |
| ३ | कर्णाली आज डट कम | श्री नौरते नेपाली | ५५००। | ९८४८३१९२०३ |
| ४ | न्यूज सरोकार डट कम | श्री लक्ष्मी न्यौपाने | ५५००। | ९८६९६६४९५९ |
| ५ | कुटीरो रिर्सज सेन्टर | श्री महेश नेपाली | ७०००। | ९८५८०३११२० |
| ६ | ई.कान्तिपुर दैनिक | श्री धन ब. बुढा | ५५००। | ९८४८३३५७४७ |
| ७ | सिजा मल्टी मिडिया प्रा.लि. | श्री प्रकाश उपाध्याय | ५५००। | ९८५१०७९८८६ |
| ८ | भेरीखोला मल्टी प्रपोज मिडिया प्रा.लि. | श्री मान ब. कुवर | ७०००। | ९८६८३२४३१८ |
| | | जम्मा | ५०,०००। | |

## १२.गौतमवाडा देखी जिउला जाने बाटो

आ.ब.०८०।०८१ को वडा समानिकरण बजेट रू १२ लाख विनियोजन गरि गोतमबाटा देखी जिउला जाने असजीलो बाटो मर्मत गर्न कार्यका लागी उपभोता समित अध्यक्ष श्री संगिता हमाल को अध्यक्षतामा ७ सदस्यीय उपभोत्ता समित गठन गरि करिव २५० मिटर बाटो निर्माण कार्य गरिएका थियो । उत्त योजनाको कार्य सम्पन्न प्रतिवेदन अनुसार रू ११ लाख ८२ हजार (भ्याट र कन्टेजेन्सी समेत) बजेट ख






## १३. नरम्टा सेराडिल सिचाइ कुलो मर्मत (क्रमागत)

- गिडखोला गाँउको सेराडिल र थामचौर जिउलो खेतीयोग्य जमिन सिचाइ हुने नरम्टा सेराडिल सिचाइ कुलोको २०० मीटर खण्ड सिचाइ कुलो RCC आ.ब.०८०।०८१ को वडा समानिकरणबाट विनियोजित बजेट रू ५ लाख बाट उपभोता समिति मार्फत निर्माण कार्य गरिएको थियो । उत्त योजना उपभोत्ता समितिमा अध्यक्ष श्री पुरिचन्द्र शर्मा, तारा खत्री कोषाध्यक्ष र रन्न खत्री सचिव रहेको ७ सदस्यीय उपभोत्ता समिति द्वारा निर्माण कार्य गरिएको हो ।
- यो योजना क्रमागत योजनमा रहेको छ ।
- प्राबिधिक कार्य सम्पन्न प्रतिवेदन अनुसार भुत्तानी रू ३,८०,३४९। (भ्याट र कन्टेजेन्सी समेत





## १४.नियापानी महादेव मन्दिर निर्माण

नियापानी गाँउको कुलनदेव महावै जगतनाथ को मन्दिर बिगत बर्षको बाडीको कारण भत्केर खोलाले बगाउदा भत्केर भगनाभषेश अबस्थामा थियो सो नियापानी महावै मन्दिर निर्माण को लागि वडा समानिकरण बजेट शिर्षक बाट रू १ लाख ५० हजार विनियोजन भएकोमा उत्त मन्दिर निर्माण उपभोता समिति अध्यक्ष श्री चित्र प्रसाद समाल समेत ५ जना सदस्य रहेको उपभोता समिति बाट जिर्णद्रवार मन्दिर निर्माण गरि कार्य सम्पन्न प्राबिधिक प्रतिवेदन अनुसार (भ्याट र कन्टेजेन्सी ) समेत रू १ लाख ४५ हजार ७ सय ४६ रूपैया (भ्याट र कन्टेजेन्सी ) भुक्तानी प्राप्त गरेको हो।





## १५. हाँकु स्वास्थ्य चोकी कार्यालय व्यवस्थापन

**यस वडा भित्रका नागरिकहरूको स्वास्थ्य सेवा पहुचँका लागि स्थापित हाँकु स्वास्थ्य कार्यालयको कार्यालय व्यवस्थापनका लागि वडा कार्यालयबाट बिनियोजन गरिएको बजेट रू ८० हजारको परिधि भित्र रहेर श्री हाँकु स्वास्थ्य कार्यालयबाट अमानतमा निम्न कामहरू गरि बिल भर्पाइ बमोजिम भत्तानी प्राप्त गरेको हो ।**

**कार्रयालय व्यवस्थापन खर्च शिषर्क**

| क्र.स | कामको विवरण | इकाइ | खर्च रकम |
|---|---|---|---|
| १ | डेस्टप कम्प्यूटर | १ | ३०,०००। |
| २ | स्याक दराज, खानेपानी महसुल र स्टेशनरी | १ | ४८०००। |
| | | | |
| | जम्मा | | ७८,०००। |

## १६. हाँकु त्रिभेणी घाट निर्माण

- यस वडा भित्रका नियापानी, गिडिखोला, पथेर्नी पाण्डेवाडा र हाँकु गाउका मानिसहरूको मृत्यु पश्चात दाहसंस्कार गर्ने अर्येधाट स्थल हाकु त्रिभेणी धाटमा अकाशबाट पानी परेको समयमा मलामीहरूका लागि अत लाग्नको लागि अर्यघाटमा जस्ताछाना भएको सानो धर्मशाला निर्माण गर्न अबश्यक देखिदा सो कार्यका लागि वडा समानिकरण बजेट शिषकमा रू १ लाख ५० हजार रकम विनियोजन भएको थियो सो योजना निर्माण उपभोक्ता समिति अध्यक्ष श्री रामभक्त कामीको नेतृत्वमा गठन भएको उपभोक्ता समितिले धर्मशाला निर्माण गरेको हो ।



## १७. हाँकु त्रिभेणी देखी नियापानी सडक स्तरउन्नती

यस वडा भित्रका हाँकु, नियापनी, पाण्डेवाडा, पर्थैनि र गिडिखोला गाँउका करिव ४७८ घरधुरीका १३५५ जनसंख्याको दैनिक अवतजावत गर्ने हाँकु त्रिभेणी देखी नियापनी सडक स्तरउन्नतीका लागि वडा समानिकरण शिर्षकको बजेट रू १६ लाख बिनियोजन गरि गाँउपालिकाबाट अनलाईन बोलपत्र अवहान गर्दा कम रकम रू ७ लाख ९८ हजार कबोलमा बोलपत्र पशे गर्ने श्री.................को बोलपत्र स्वीकृत भई गाउपालिका र निर्माण व्यवसायी विच द्रिपक्षिय सम्झोता भई BOK मा उल्लेख भएको निर्माण सम्बन्धीका कामहरू ८४ वटा ग्याविन जाली र ५४४ धन मिटर ढुङ्गा कटिङ्ग कार्रय भएको र बाँकी बजेट यस चालु बर्षमा रकमान्तर गरिएको छ ।





## १८. हाँकु बालविकास केन्द्र भवन निर्माण

- यस वडा भित्र समुदायमा द्रारा संचालित २ वटा बाल विकास केन्द्रहरू मध्ये हाँकु दलित टोलमा रहेको हाँकु बाल विकास केन्द्रको भवन बिगत बर्ष अबिरल बर्षाको कारण भत्केर जीण भएको १ कोठे बाल विकास केन्द्रको भवन मर्मत कार्यका लागि बिनियोजित रू १ लाख ५० हजारको परिधि भित्र रहेर उपभोक्ता समिति का अध्यक्ष श्री भक्त कामीको नेतृत्वमा मर्मत कार्य सम्पन्न भएको हो। प्राबिधिक कार्य सम्पन्न प्रतिवेदन अनुसार रू १ लाख ३७ हजार २ सय ९ रूपैया (कन्टेजेन्सी) बाहेक भुक्तानी भएको हो।



## १९.गिडिदह धर्रमशाला देखी पाटन सम्म पदमार्ग निर्माण

गिडिदह सम्मेलन २०७९ असोज ४-६ को घोषण पत्रमा उल्लेखित सवालहरू मध्ये गिडिदहमा जाने पर्यटकहको आवतजावतमा सहजताको लागि गिडिदह धर्मशाला देखी दुधवाडी पाटन सम्म पर्यटन पदमार्ग निर्माण गर्न आबश्यक भएको भनी घोषणपत्रमा उल्लेख भए अनुसारको उक्त ठांउमा रू ७ लाख २५ हजार बजेट लागतमा करिब ५ हजार ३ सय मिटर पदमार्ग निर्माण गरिएको छ । जसको कार्य सम्पन्न हुदा ५ लाख ६० हजार भुक्तानी गरिएको हो । सो पदमार्ग निर्माण कार्यका लागि श्री गिडिदह धर्मशाला देखी पाटन सम्म पदमार्ग निर्माण उपभोक्ता समिति, तातोपानी ४ का अध्यक्ष श्री कौरभ पाण्डे, सचिव श्री नानाभाउ सार्की र कोषाध्यक्ष श्रीमती किष्णादेवी महत लगाएत ७ सदस्यीय उपभोक्ता समिति गठन गरि निर्माण कार्य सम्पन्न भएको थियो ।








## २०.घट्रेगाढ गिडिखोला बाटो पिसिसि

पर्थैनी र गिडिखोला गाँउको दैनिक अवतजावत गर्न घटेगाढ खोला स्थित बाटो बिगत असोज २३ गतेको बर्षाबाट उत्पन्न वाडीपहिरोको कारण क्षेतीग्रस्त हुदा उक्त बाटो मर्मत गरि केही खण्ड पिसिस गर्नको लागि बिनियोजन भएको बजेट रू ५ लाख को परिधि भित्र उपभोत्ता समिति अध्यक्ष श्री कर्णराज खत्रीको नेतृत्वमा गठन भएको उपभोत्ता समितिले २३० मिटर बाटो पिसिसि निर्माण कार्य सम्पन्न गरि प्राबिधिक रहेर ४ लाख ९८ हजार ५०० रूपैया भुत्तानी प्राप्त गरेको हो ।





## २१. गिडिदह क्षेत्रफल नापजाँच

श्री **राष्ट्रिय ताल विकास समिति** र तातोपानी गाँउपालिकाको संयुत्त लगानीमा वडा स्थित गिडिदह पर्यटन क्षेत्रको नापजाँच कार्यका लागी गाँउपालिका द्वारा कोटेशन सुचना भई योग्य परार्मशदाता श्री काठमान्डो युनिभरिसटी सग सम्झोता भए पश्चता डा. दिपनारायण शाह नेतृत्वको टोली २०८० श्रावण ७ देखी १४ सम्म गिडिदहमा पुगी दहको नापचाँच गरेको थियो । सम्झोता बजेट रू १४ लाख मध्ये पहिलो चरणमा यस बर्ष रू ९,९३,२९१। भुत्तानी भएको छ

**गिडिदहको पौराणिक नाम :-**

दुई ठुला गिरि पाटनहरु ठाकुर ज्यू, विष्ट ज्यू र भ्याउनेखर्क बाट बगेर आउने पानी मिसिएर बनेको दह भएको हुदा यसको नाम गिडिदह रहन गएको हो ।

**भौगोलिक स्थिती :-**

जुम्ला तातोपानी गाँउपालिका वडा नं ४ को सिरानामा अवस्थित गिडिदह जुम्ला जिल्ला कै उत्कृष्ठ पर्यटकिय गन्तव्य र कर्णाली प्रदेशमा अस्थित ताल, दहहरु मध्ये नाँपजाच तथ्याँकको आधारमा तेस्रो स्थानमा गहिरो मानिने यस गिडिदहको पानीको मुल्य स्रोत विष्टज्यू, बजेडीखोला, दुधवाडी खोला र दह भित्रबाट निस्कने मुलहरु गिडिदहमा जम्माहुने पानीको प्रमुख स्रोतहरु हुन् । समुन्द्री सतह देखी करिव ३४८५ मिटर उचाईमा अवस्थित गिडिदह कर्णाली राजमार्ग ऐरेनी देखी गिडिदह निकासा सम्मको दुरी अनुमानित २९ किलोमिटर छ । टाढाबाट गिडिदहको दृष्य अवलोकन गर्दा नेपालको राष्ट्रिय झण्डा आकारको देखिने दह दुई भागमा विभक्त रहेको र वरिपरि धना बनजंगल ले ढाकेको देखिन्छ ।

फुलचउल्या, लामाचौर, दुधवाडीपाटन, माझपाटन, बजेडी, विष्टज्यू, नानाहाँका, धप्के पुनाली आदी यस क्षेत्रका प्रमुख पाटन तथा धार्मिक क्षेत्रहरु हुन् ।

विचमा गिडिदह वरिपरिका पाटनहरुमा यार्चागुम्वा, पाँचऔले, लगाएत बिभिन्न प्रजातीका जडिबुटीहरु, खसु, भोजपत्र, लौठसल्ला, गोब्रे सल्लो जस्ता रुख बोटविरुवा र डाँफे, कालिज, काँडेभ्याकुर आदी प्रजातीका चराचुरंगि, लगाएत लोपन्मुख प्रजाती रेडपाण्डा, कस्तुरी, घोरल, थार, भालु, ब्वासो लगाएत जंगली जनावरहरु बसोवार गर्ने हुदा गिडिदह क्षेत्रमा थप सुन्दरतालाई बढावा दिएकाछन् ।

**गिडिदहको क्षेत्रफल नापजाँच तथ्याँक :-**

| | | | |
|---|---|---|---|
| अधिकतम् लम्बाई | औषत : १५१० मीटर (माथिल्लो भाग १०६० मी. तल्लो भाग ४५० मी.) | सतहको क्षेत्रफल | कुल,२९.११ हेक्टर (माथिल्लो भाग २१.५५ हे.तल्लो भाग ७.३०) |
| अधिकतम् चौडाई | ३१० मीटर | परिधि | ६,४३० मीटर |
| अधिकतम् गहिराई | ४२.८ मीटर | पानीको आयतन | ७३,५०,३२३.९९ क्यूविक मिटर |
| सतहको उचाई | ३४८५ मीटर | | |
| भौगोलिक निर्देशांक | | | |
| न्यूनतम् तापक्रम | १४ डिग्रि सेलसियस | स्तनधारी जनावर | १० प्रजाती |
| अधिकतम् तापक्रम | ८ डिग्रि सेलसियस | चराचुरंङ्गि | १८ प्रजाती |
| बार्षिक औसत वर्षा | १३४३ मि.मि | | |



## २२. नागरिक घरबिमा कार्यक्रम

**कार्यक्रमको मुख्य उदेश्यः**- सबै नागरिकहरूको घर, अवासको सुरक्षा र भैपरि व्यवस्थापनमा लागि घर बिमा गर्ने।

**लक्ष्य** -: ५६५ घर परिवार

**स्वीकृत बजेट** -: २ लाख

**खर्च रू, १लाख**, ७२ हजार मात्र।

**लाभान्वीत जनसंख्याः**-: ३८३ घरधुरी र जनसंख्या १९१५ जना,

## २३. नागरिक स्वास्थ्य बिमा कार्यक्रम

**कार्यक्रमको मुख्य उदेश्यः**- **बिपन्न** नागरिकहरूको स्वास्थ्य बिमा गरि स्वास्थ्य सेवामा पहुँच पुरयाउने ।

**लक्ष्य** -: ५७ घर परिवार

**स्वीकृत बजेट** -: २ लाख

**खर्च रू, २ लाख** ।

**लाभान्वीत जनसंख्या**ः -: घरधुरी, ५७, जनसंख्या २८५ जना,

## २४. बालुवा घट्रेगाढ गिडिखोला बाटो ग्राभेल ( प्रधानमन्त्री रोजगार)

यस वडा स्थित घटेगाढ गिडिखोला बाटो बिगत बर्षको बिपदले बगाएको हुदा सो सडक स्तरउन्नति पश्चात ढुगा ग्राभेल गर्ने योजना अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट रू ८ लाख को लागत स्टेडमेटबाट उपभोत्ता समिति अध्यक्ष, श्री ददी साकी र सचित श्री गगन ब. हमाल को नेतृत्वमा कार्य सम्पन्न गरि रू ७ लाख ९९ हजार ८ सय ९९ भुत्तानी प्राप्त गरेको हो ।



## २५, नियापानी गाँउ बाटो ग्राभेल, ( प्रधानमन्त्री रोजगार)

यस वडा स्थित नियापानी दलित बस्तीको बिच गाँउमा अधिक हिलो हुने भएको ले सो बाटोमा ढुगा ग्राभेल गर्ने योजना अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट रू २ लाख ५३ हजार को लागत स्टेडमेटबाट उपभोत्ता समिति अध्यक्ष, लक्ष्मी साकी र सचिव श्री बिजकन्या जेशी को नेतृत्वमा कार्य सम्पन्न गरि रू २ लाख ४९ हजार १ सय सन्ताउन्न रूपैया भुत्तानी प्राप्त गरेको हो ।

## २६. जैतपूर खेल मैदान निर्माण, ( मुख्यमन्त्री रोजगार)

**आ.ब.०८०।०८१ मा प्रदेश सरकारबाट प्राप्त मुख्यमन्त्री रोजगार कार्यक्रम बाट यस वडाको जैतपुर गाँउमा बिगत बाट निर्माण हुदै गरेको जैतपुर खेल मैदान निर्माणका लागि खेलमैदानको तल्लो भागमा ग्याविन जाली लगाउने कार्यका लागि रू १५ लाखको लागत स्टेडमेट गरि उपभोत्ता समित अध्यक्ष श्री गोल्मा कामी सचिव श्री. गोरीकला कामी को नेतृत्व रहेको उपभोत्ता समितिले निर्माण कार्य सम्पन्न गरि प्राबिधिक प्रतिवेदन अनुसार रू १४ लाख ९९ हजार ४ सय ५७ रूपैया भुत्तानी प्राप्त गरेको हो ।**





## २७. गोतमवाडा नाइकाटापु, कुना फोक्टो तटबन्ध (प्रदेश अनुदान)


- स्रोत, - कर्णाली प्रदेश सरकार,उधोग वन तथा वातावरण मन्त्रालय।
- लाग बजेट रू १५ लाख
- कार्य सम्पन्न प्रतिवेदन अनुसार भुत्तानी रू १४ लाख २५ हजार २३ रूपैया मात्र ।
- कामको प्रकृति - प्रकृति ग्याविन जाली भर्ने ।






# २८. लाग्ना टेलिफोन टावर सम्म बिधुत लाइन बिस्तार

- लागत बजेट रू ९ लाख ५३ हजार
- स्रोत, नेपाल टेलिकम प्रादेशिक निर्देशनालय कर्णाली प्रदेश सुर्खेत ।
- निर्माण कार्य, श्री जालपादेवी बिधुत सहकारी संस्था लि.



तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला

कर्णाली प्रदेश ,नेपाल

पत्र संख्या: २०८०।०८१
चलानी नं: ८२

मिति: २०८०।०४।११

विषय: विद्युत लाईन विस्तारको लागि आवश्यक सहयोग गरि दिने सम्वन्धमा।


श्री नेपाल टेलिकम,
प्रादेशिक निर्देशनालय विरेन्द्रनगर सुर्खेत ।

प्रस्तुत विषयमा तहाँ नेपाल टेलिकमद्धारा यस तातोपानी गाउँपालिका वडा नम्वर ४ स्थित हाँकु लाग्ना टेलिफोन टावरमा नेटवर्क सुचारुको लागि पावर व्याक अफ अप्रयाप्त भई पटक पटक टेलिफोन नेटवर्क विच्छेद हुने समस्याको समाधान गर्न टावर सम्म विद्युत लाईन विस्तार गर्न तहाँ कार्यालय र यस पालिकाको ४ नम्वर वडा कार्यालय विच भएको समझदारी बमोजिम केहि खण्ड विद्युत लाईन विस्तार कार्य सम्वन्धित वडाको वजेटवाट भई सकेको र वाँकी विद्युत लाईन विस्तारको लागि अपुग रकम तहाँ कार्यालयवाट व्यायभार हुने गरी नेपाल विद्युत प्राधिकरण जुम्लाको प्राविधिकद्धारा लागत इस्टेमेट तयार गरी यसै पत्र साथ संलग्न राखि पठाईएको छ। उक्त विद्युत विस्तारको लागि आवश्यक पर्ने लागत इस्टेमेट अनुसारको वजेट यस तातोपानी गाउँपालिका जुम्लाको नाममा ग्लोवल आई एम इ वैंक तातोपानी जुम्लामा रहेको विविध खर्च खाता **GA.2.7 BIBIDH KHARCHA KHATA TATOPANI JUMLA 26304010000009** मा जम्मा गरी सहयोग गरि दिन हुन अनुरोध छ।

२०८०।४।११

तिर्थ बहादुर कठायत
तीर्थ बहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री नेपाल टेलिकम, जुम्ला ।



राष्ट्र निर्माण हाम्रो लक्ष्य

नेपाल टेलिकम
NEPAL TELECOM

पत्र संख्या: ०८०।८१
च.नं.: ०८७

मिति: २०८०।०५।२९

श्री तातोपानि गाउपालिका कार्यालय
लिताकोट, जुम्ला ।


विषय : बजेट व्यवस्था गरि पेश्की पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा जुम्ला तातोपानि गाउपालिका स्थित हाकु लाग्ना मोवाईल टावरसम्म विद्युत लाईन विस्तारको लागि श्री तातोपानि गाउपालिका वडा नं.४ कार्यालय जुम्लाको च.नं. ८२ मिति २०८०।०४।११ को पत्रानुसार तहा गाउपालिका वडा नं.४ ले गत आ.व.२०७९।०८० को वडा बजेट शिर्षकमा श्री जालपादेवि विद्युत सहकारीद्वारा संचालित गिरिखोला साना जल विद्युतबाट केहि खण्ड विद्युत लाईन विस्तार भएको र बाँकी खण्डको लागि यस प्रादेशिक निर्देशनालयलाई बजेटको व्यवस्थाको लागि श्री तातोपानि गाउपालिका वडा नं.४ कार्यालय जुम्लाले अनुरोध गरे अनुसार बाकी विद्युत लाईन विस्तार कार्य गर्न नेपाल विद्युत प्राधिकरण जुम्लाबाट प्राप्त रु.९,५६,४२५।६६ (अक्षरुपी नौ लाख छपान्न हजार चार सय पच्चिस र पैसा छैसठ्ठी मात्र) को लागत स्टीमेट सहित तहा तातोपानि गाउपालिकाको नाममा श्री ग्लोबल आई एम ई बैंक तातोपानि जुम्लामा रहेको विविध खर्च खाता GA.2.7 BIBIDH KHARCHA KHATA TATOPANI JUMLA 26304010000009 मा बजेट व्यवस्था गरि पेश्की पठाइएको छ । उक्त बजेट तोकिएको लागत स्टीमेटको परिधि भित्र रहि कार्यसम्पन्न गरि पेश्कि फछ्र्यौट गर्न बजेटको व्यवस्था गरि पठाइएको व्यहोरा अनुरोध छ ।

२०८०।५।२८

उमेश प्रसाद साह
निर्देशक





# २९.औद्योगीक ग्राम क्षेत्र जग्गा घेरावाल :

**अनुदान :** नेपाल सरकार, उद्योग तथा बन वातावरण मन्त्रालय, औधोगिक शाखा

**कार्यक्रम** : औधोगिक ग्राम स्थापना

**स्वीकृत बजेट** : ३ करोड

**प्रथम किस्ता प्राप्त :** ७० लाख

**निर्माण कार्य :** बोलपत्र आबहान द्धारा छनौट निर्माण व्यवसायी

**भएको काम :** ८५० मी जग्गा घेरावाल




## डेढ करोड लगानीमा औद्योगिक ग्राम पूर्वाधार निर्माण हुँदै



# व्यक्तिगत घटना

- वसाइसराइः आर्थिक वर्ष २०८०|०८१ मा वासाइसराइ सम्बन्धी विवरण

| क्र स | वसाइ सराइको विवरण | वसाइ सराइ गर्ने परिवार संख्या | वसाइ सराइ परिवार सदस्य संख्या | २०८१ असार मसान्त सम्म online दर्ता भएको संख्या |
|---|---|---|---|---|
| १ | वसाइ सराइ गरी गएको | ६ वटा | १६ जना | ११ परिवारका ३१ जना |
| २ | वसाइ सराइ गरी आएको | २ वटा | ५ जना | ३ परिवारका ६ जना |

# सामाजिक सुरक्षा । आर्थिक वर्ष २०८०|८१

| क्र स | सामाजिक सुरक्षाको किसिम | गत आ व बाट नविकरण भएको संख्या | यस आ व मा नयाँ थप संख्या | यस आ व मा लगत कट्टा भएको संख्या | २०८१ असार मसान्तसम्म भत्ता प्राप्त गरिरहेका लाभग्राही हरुको संख्या |
|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १२९ | ० | ४ | ४८ पुरुष र ७७ महिला गरी जम्मा १२५ जना |
| २ | जेष्ठ नागिरक क्षेत्र तोकिएका | ८० | १२ | ० | ३९ पुरुष र ५३ महिला गरी जम्मा ९२ जना |
| ३ | विधवा | ३७ | १ | ० | जम्मा ३८ जना |
| ४ | पुर्ण अपाङ्गता भत्ता | ४ | ० | ० | ४ जना सवै पुरुष |
| ५ | अती अशक्त अपाङ्गता भत्ता | १६ | ० | ० | ११ पुरुष र ५ महिला गरी जम्मा १६ जना |
| ६ | क्षेत्र तोकिएका वालवालिका भत्ता | २७९ | ६२ | ३१ | १७७ पुरुष र १३३ महिला गरी जम्मा ३१० जना |
| ७ | जम्मा | ५४५ | ७५ | ३५ | २७९ पुरुष र ३०६ महिला गरी जम्मा ५८५ जना |

# राजस्व

यस आर्थिक वर्ष २०८०।०८१ मा निम्न बमोजिमको राजस्व संकलन गरी तातोपानी गाउँपालिकाको राजस्व खातामा जम्मा भएको छ ।

| क्र सं | राजस्व संकलन भएको स्रोत | संकलन भएको रकम रु |
|---|---|---|
| १ | भुमिकर । मालपोत कर | ३२ हजार १ सय १० मात्र |
| २ | निवेदन तथा सिफारिस दस्तुर | १ लाख २५ हजार ४ सय मात्र |
| ३ | जडिबुटी तथा अन्य कर | १९ हजार २ सय २० मत्र |
| ४ | जम्मा कर | १ लाख ७६ हजार ७ सय ३० मात्र |

# कार्यालय सञ्चालन तथा व्यबस्थापनः

- आर्थिक वर्ष २०८०।०८१ मा यस तातोपानी गाउँपालिका वडा नम्बर ४ ले जन सन्तुष्टीलाइ प्रथामिकतामा राखी कार्यालय सञ्चालन गरेको छ

- यस क्रममाः यस आर्थिक वर्षमा विभिन्न सरकारी तथा गैर सरकारी निकाय संघ संस्थामा पत्राचार गर्दा चलानीको संख्या ८२७ पुगेको छ भने जसमा नागरिकताकोलागी १६४ वटा सिफारिस भएका छन र अन्य प्रयोजनकालागी ६६३ वटा सिफारिस भएका छन् ।

# आ.ब.०८१।०८२ मा स्वीकृत कार्यक्रम तथा योजनाहरू

# आ.ब.०८१।०८२ को पालिका समानिकरणबाट स्वीकृत चालु बजेट

| क्र. स | स्विकृत योजना तथा कार्यक्रमहरू | स्विकृत बजेट रू | बजेट स्विकृत गर्ने निकाय |
|---|---|---|---|
| १ | बिपन्न बिद्यार्थी सहयोग कार्यक्रम (एम.वि.वि.एस,इन्जिनियरीड समेत) | २,२५०००। | वडा कार्यालय |
| २ | गिडिदह प्रबर्दन कार्यक्रम | ४,०००००। | वडा कार्यालय |
| ३ | तेलहन बाली पकेट बिस्तार क्रमागत | १,५०,०००। | वडा कार्यालय |
| ४ | स्वास्थ्य चोकी हाँकु व्यवस्थापन र महिला स्वास्थ्य स्वयंसेवीका प्रोत्सान | १,५०,०००। | वडा कार्यालय |
| ५ | लक्षित वर्ग सहयोग कार्यक्रम | ५,०००००। | वडा कार्यालय |
| ६ | संचार | ७५,००० | वडा कार्यालय |
| ७ | विविध | ५,०००००। | वडा कार्यालय |
| ८ | मसलन्द तथा कार्यालय सामाग्री | ५,०००००। | वडा कार्यालय |
| | *जम्मा* | **२५,०००००।** | |

## आ.ब.०८१।०८२ को पालिका समानिकरणबाट स्वीकृत पुँजीगत योजनाहरू,

| क्र. स | स्विकृत योजना तथा कार्यक्रमहरू | स्विकृत बजेट रू | बजेट स्विकृत गर्ने निकाय |
|---|---|---|---|
| १ | हाँकु त्रिभेणी हुदै पान्डेवाडा बाटो स्तउन्नती | २३,०००००। | वडा कार्यालय |
| २ | स्वास्थ्य चोकी जाने बाटो | ७,०००००। | वडा कार्यालय |
| ३ | गोतमवाडा देखी ज्युला जाने बाटो बाँकी काम | ५,०००००। | वडा कार्यालय |
| ४ | नियापानी खानेपानी मर्मत | ४,०००००। | वडा कार्यालय |
| ५ | नियापानि देउसे देव मन्दिर | १,०००००। | वडा कार्यालय |
| ६ | नरम्टा सेराडिल सिचाइ कुलो क्रमागत | ५,०००००। | वडा कार्यालय |
| **७.** | **पान्डेवाडा नियापानी तथा पर्थेनी,औधोगिक ग्राम जाने बाटो ।** | **२०,०००००।** | **समानिकरण** |
| ८. | घटेगाढ बाटो पिसिसि | ७,०००००। | अल्या |

## आ.ब.०८१।०८२ को पालिका समानिकरणबाट स्वीकृत पुँजीगत योजनाहरू,

| क्र.स | स्विकृत योजना तथा कार्यक्रमहरू | स्विकृत बजेट रू | बजेट स्विकृत गर्ने निकाय |
|---|---|---|---|
| ९ | घट्टेगाढ देखी नाइकावाडा सम्म जाने बाटो | २,०००००। | पालिका |
| १० | जालपादेवी भगवती मन्दिर निर्माण | ५,०००००। | पालिका |
| ११ | गिडिखोला महादेव मन्दिर निर्माण बाँकी काम | २,०००००। | जनता सग अध्यक्ष |
| | जम्मा | **८१,०००००।** | |
| १२ | घटेचोर देखी समनचोर खोला सम्म बाटो | ७,०००००। | प्रधानमन्त्री रोजगार |
| १३ | हाँकु साधु देखी अस्पताल जाने बाटो | ४,०००००। | प्रधानमन्त्री रोजगार |
| १४ | बालुवा घटेगाढ बाटो स्तरउन्नती | १५,०००००। | मुख्यमन्त्री रोजगार |
| | जम्मा | **२६,०००००।** | |

# आ.ब.०८१।०८२ मा

# प्रदेश र संघिय सरकारबाट स्वीकृत कार्यक्रम तथा योजनाहरू

# आ.ब.०८१।०८२  मा प्रदेश र संघिय सरकारबाट स्वीकृत कार्यक्रम तथा योजनाहरू

| क्र. स | स्विकृत योजना तथा कार्यक्रमहरू | स्विकृत बजेट रू | बजेट स्विकृत गर्ने निकाय |
|---|---|---|---|
| १ | गिडिदह पर्यटन पदमार्ग निर्माण, तातोपानी ४ जुम्ला | ९० लाख | संघिय सरकार अ.ब.०८१।०८२ बजेट संकेत नं (कोर्ड) ११.४.२२.१४९९३ (तातोपानी गाँउपालिकामा अख्तियारी प्राप्त) |
| २ | गिडिदह पर्यटन क्षेत्र प्रर्बद्धन विकास पुर्वाधार निर्माण, तातोपानी ४ जुम्ला | १५ लाख | कर्णाली प्रदेश सरकार, बजेट उपशिर्षक नं ३०७०२९०३ (डिभिजन बन कार्यालय जुम्ला) |
| ३ | चुम्लासाघु  देखी दियारे लाप्का तडबन्ध | १५ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी  (भु तथा जलाधार व्यवस्थापन कार्यालय) |
| ४ | गिडिदह पर्यटन प्रबर्धन पुर्वाधार विकास | १५ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (डिभिजनन कार्यालय जुम्ला) |

क्रमश.................................

| क्र.स | स्विकृत योजना तथा कार्यक्रमहरू | स्विकृत बजेट रू | बजेट स्विकृत गर्ने निकाय |
|---|---|---|---|
| ५ | गोतमवाडा सार्वजनीक मन्दिर प्रयर्टन पुर्वाधार निर्माण | १५ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (डिभिजनन कार्यालय जुम्ला) |
| ६ | पोरीहाँकु सिचाइ कुलो निर्माण योजना | २५ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (खानेपानी सिचाइ तथा उर्जा विकास कार्यालय जुम्ला) |
| ७ | नाउलीसेरा सिचाइ कुलो निर्माण | १५ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (खानेपानी सिचाइ तथा उर्जा विकास कार्यालय जुम्ला) |
| ८ | गिडिखोला थामचोर नदि कटान नियन्त्रण | १५ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (खानेपानी सिचाइ तथा उर्जा विकास कार्यालय जुम्ला) |

क्रमश.................................

| क्र.स | स्विकृत योजना तथा कार्यक्रमहरू | स्विकृत बजेट रू | बजेट स्विकृत गर्ने निकाय |
|---|---|---|---|
| ९ | तेलहन वाली पकेट क्षेत्र | २ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (कृषि विकास कार्यालय जुम्ला) |
| १० | पर्थेनी जिउला सिचाइ मर्मत | ५ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (कृषि विकास कार्यालय जुम्ला) |
| ११ | पोरीहाँकु सिचाइ कुलो निर्माण योजना | ४ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (कृषि विकास कार्यालय जुम्ला) |
| १२ | गिडिदह झो.पु. निर्माण | १५ लाख | प्रदेश सरकार, मार्फत अख्तियारी (पुर्वाधार विकास कार्यालय जुम्ला) |
| | **जम्मा** | **२ करोड ३१ लाख** | |

# अवसर र चुनौती:







- ✓ जिल्लाकै एक उत्कृष्ट पर्यटकिय गन्तव्य रहेको वडा,
- ✓ ठुलो भुगोल भएको वडा
- ✓ जलस्रोत को धनी क्षेत्र
- ✓ १ मा.बि. र ५ अधारभुत बिदालय भएको।
- ✓ समावेसी बस्ती र जनसंख्या भएको।
- ✓ प्रयाप्त खेतियोग्य जमिन भएको क्षेत्र।
- ✓ पाइक पर्ने स्थानमा स्वास्थ्य कार्यालय भएको।
- ✓ औधोगिक **क्षेत्रको वडा**

- ➢ पुर्वाधार विकासको अभाव
- ➢ पालिकाको बजेटले सबै पुर्वाधारहरू निर्माण गर्न नसकिनु
- ➢ पर्यटनमैत्री संरचना निर्माणमा कठिनाई,
- ➢ सरोकारवालाहरूले अपनत्व ग्रहण गर्न नसक्नु।
- ➢ जनसर्मदानमा समुदायको चासो नहुनु।
- ➢ ठुलो भुगोल , धेरैबस्ती र धेरै जनसंख्या भएको ले सबैको अबश्यकता र माग पुरा गर्न नसकिनु।

# गिडीदह धर्मशाला निर्माण (बजेट डिभजन बन कार्यालय जुम्ला)









# थप पत्रपत्रिकाहरूमा प्रकाशित समाचारहरू



गिडिदह प्रवर्द्धन गर्न पूर्वाधार निर्माण



नयाँ पत्रिका आइतबार ३ मंसिर ०८० www.nayapatrikadaily.com

जुम्लाको गिडीदह पुग्ने पदमार्ग निर्माण



कारोबार दैनिक,

गिडिदहमा पर्यटक भित्र्याउन पूर्वाधारकै खाँचो






युगआह्वान yugnews.com

आज विश्व शौचालय दिवस

कर्णालीमा ९ हजार घरधुरी शौचालय विहिन

सुर्खेतमै छैनन् शौचालय

हजारौं घरधुरी सार्वजनिक शौचालयको भरमा

नियमित उडान नगर्ने जहाजलाई अवरोध गरिने

गिडीदह पुग्न पर्यटकीय पदमार्ग निर्माण

कर्णालीका युवा स्वरोजगारबाट आत्मनिर्भर बन्ने सुवर्ण अवसर



सौराइ

कर्णालीको अर्को गन्तव्य: गिडीदह


धैर्यताको लागि धन्यवाद
नमस्ते